# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री जितेन्द्रलाल मास्के सवारी शिविर, दिपायल जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री बोधनाथ अधिकारीलाई मिति २०४३।११।६ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
ईश्वरीलाल श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले जिल्ला कार्यालय सिन्धुपाल्चोकका प्र.जि.अ. श्री बलराम कापर घर बिदा तथा क्रिया बिदामा बस्नुभएको हुँदा सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री माथुरप्रसाद यादवलाई मिति २०४३।६।२२ देखि का.मु. मुकरर गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय मुस्ताङका प्र.जि.अ. श्री शारदाप्रसाद दाहाल काजमा जानुभएको हुँदा सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्र.अ. श्री नन्दप्रसाद पौडेललाई मिति २०४३।१०।४ देखि का.मु. मुकरर गरेको छ ।

आज्ञाले,
केदारनिधि तिवारी
सह-सचिव

## भूलसुधार

नेपाल राजपत्र भाग ४, खण्ड ३६, संख्या ४२, मिति २०४३।१०।१६ मा प्रकाशित यस मन्त्रालयको सूचना नं. ३ को पहिलो हरफमा "चन्द्रबहादुर" हुनुपर्नेमा "बद्रीबहादुर" हुनगएकोले भूलसुधार गरिएको छ ।

गृह मन्त्रालय



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७८